# उत्कृष्ट विद्यार्थी, शिक्षक तथा विद्यालयहरुलाई प्रोत्साहन मार्गदर्शन २०८३

वेदकोट नगरपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको उत्कृष्ट विद्यार्थी (सामुदायिक तथा संस्थागत), शिक्षक (सामुदियक विद्यालयमा कार्यरत) तथा विद्यालय प्रोत्साहन (सामुदायिक तथा संस्थागत) कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि वेदकोट नगरपालिकाले यो मार्गदर्शन जारी गरेको छ ।

**<u>१. संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस मार्गदर्शनको नाम "उत्कृष्ट विद्यार्थी, शिक्षक तथा विद्यालयहरुलाई प्रोत्साहन मार्गदर्शन, २०८३" रहेको छ ।

(२) यो मार्गदर्शन नगर कार्यपालिकाबाट स्वीकृत भई तुरुन्त लागु हुनेछ ।

**<u>२. परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा;

(क) "मूल्यांकन समिति" भन्नाले दफा ६ बमोजिम गठित उत्कृष्ट विद्यार्थी, शिक्षक तथा विद्यालयलाई छनौट गर्न गठित समितिलाई सम्झनु पर्छ ।

(ख) निर्देशक समिति भन्नाले नगर शिक्षा समितिलाई जनाउने छ ।

**<u>३. उद्देश्यः</u>** यस मार्गदर्शनका उद्देश्य देहायबमोजिम रहेका छन्,

३.१ विद्यार्थीहरूलाई शैक्षिक उत्कृष्टता हासिल गर्न प्रोत्साहित गर्ने ,

३.२ शिक्षकहरूलाई शिक्षण पेसामा थप लगनशील, सृजनशील र नतिजामुखी बनाउन उत्प्रेरित गर्ने

३.३ विद्यालयहरूलाई प्रसासनिक, व्यवस्थापकीय र शैक्षिक गुणस्तर थप सुधार गर्न प्रोत्साहित गर्ने

३.४ नगरपालिका क्षेत्र भित्रको समग्र शैक्षिक विकासमा टेवा पुगाउने।

**<u>४. सम्मानका क्षेत्रहरू</u>**

४.१ (क) कक्षा ८, १० र १२ को वार्षिक नतिजाका आधारमा निम्न बमोजिमका क्षेत्रहरुमा सम्मान गरिनेछ ।

४.२ कक्षा ८, र १० र १२ को परीक्षामा उत्कृष्ट नतिजाका आधारमा नगरपालिका भरी सामुदायिक र संस्थागत विद्यालयको छात्र र छात्रा १/१ जना विद्यार्थीलाई सम्मान गरिनेछ।

४.३ प्रत्येक सामुदायिक विद्धालयबाट आधारभूत तह र माध्यमिक तहमा १/१ जना शिक्षकलाई सम्मान गरिनेछ ।

४.४ कक्षा ८, १० र १२ को नतिजाका आधारमा शैक्षिक नतिजामा उत्कृष्ट ठहरिएको सामुदायिक १।१ र संस्थागत १।१ विद्यालयलाई सम्मान गरिनेछ ।

**५. निर्देशक समितिः** (क) उत्कृष्ट विद्यार्थी, शिक्षक तथा विद्यालय छनौट कार्यक्रममा कुनै समस्या परेमा नीतिगत निर्णय गर्न तथा कार्यक्रम संचालनका लागि छनौट समितिलाई आवश्यक निर्देशन दिनका लागि नगर शिक्षा समितिले निर्देशक समिति जिम्मेवारी निर्वाह गर्नेछ ।

(ख) उत्कृष्ट विद्यार्थी, शिक्षक तथा विद्यालयलाई सम्मान र पुरुस्कारको विधि तथा पुरुस्कार रासीको निर्धारण गर्ने कार्य निर्देशक समितिको हुने छ ।

**६. मूल्यांकन समितिः** (१) नगरपालिकाको उत्कृष्ट विद्यालय (आधारभूत तह र माध्यमिक तहमा सामुदायिक विद्यालय १।१ र संस्थागत विद्यालय १।१) छनौटका लागि देहायबमोजिमको एक छनौट समिति रहनेछः

| | |
|---|---|
| (क) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख | संयोजक |
| (ख) नगर प्रमुखबाट मनोनित शिक्षा समिति सदस्य मध्ये २ जना | सदस्य |
| (ग) प्रमुख प्रतिनिधि शिक्षक महासंघ (नगर) १ जना | सदस्य |
| (घ) नगर प्रमुखबाट मनोनित संस्थागत विद्यालयको प्रतिनिधि १ जना | सदस्य |
| (घ) शिक्षा अधिकृत १ जना | सदस्य सचिव |

(२) प्रत्येक विद्यालयका आधारभूत र माध्यमिक तहका १ । १ जना उत्कृष्ट शिक्षक र छनौट भएका उत्कृष्ट विद्यालयलाई प्रोत्साहनको रकम नगर शिक्षा समिति तथा नगर कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

(३) उत्कृष्ट विद्यार्थी शिक्षक र विद्यालको तोकेको मापदण्का आधारमा मूल्यांकन गरी अन्तिम नतिजा तयार पारी सम्मान तथा पुरुस्कारका लागि शिक्षा समिति समितिमा पेश गर्ने कार्य मूल्यांकन समितिको हुनेछ ।

**७. छनौट समितिको भूमिकाः दफा ६ बमोजिम गठित समितिको कार्यविवरण देहाय बमोजिम हुनेछः**

(क) निर्धारित आधारमा उत्कृष्ट विद्यालय र शिक्षक मूल्याङ्कन गर्ने ।

(ख) उत्कृष्ट विद्यालय र शिक्षकको छनौट गर्ने ।

(घ) छनौट भएका उत्कृष्ट विद्यालय तथा शिक्षकहरुको सूची नगर शिक्षा समितिमा पेश गर्ने ।

**८. उत्कृष्ट विद्यालय शिक्षक र विद्यार्थी छनौटका आधार एवम् मापदण्डहरुः देहायबमोजिमको हुनेछः**

८.१ (क) आधारभूत तह कक्षा ८ को नतिजाका आधारमा र माध्यमिक तहमा कक्षा १० SEE र कक्षा १२ को नतिजाका आधारमा उत्कृष्ट विद्यार्थी (सामुदायिक छात्र १ छात्रा १ तथा संस्थागत छात्र १ छात्रा १), छनौटका लागि उक्त परीक्षामा सवैभन्द उच्च GPA प्राप्त गर्ने विद्यार्थीलाई सम्मानित गरिनेछ

(ख) आधारभूत तह र माध्यमिक तहमा उत्कृष्ट शिक्षक (सामुदियक विद्यालयमा कार्यरत) छनौटका लागि सवै सामुदायिक विद्यालयमा कार्यरत शिक्षक मध्ये ८.२ मा उल्लेख भएनुसार आधारभूत तहको १ र माध्यमिक तहको १ जाना उत्कृष्ट शिक्षकलाई सम्मानित गरिनेछ

(ग) उत्कृष्ट छनौटका लागि आधारभूत तह कक्षा ८ को नतिजाका आधारमा र माध्यमिक तहमा कक्षा १० SEE र कक्षा १२ को नतिजाका आधारमा उत्कृष्ट विद्यालय (सामुदायिक तथा संस्थागत १।१) छनौट गरी उत्कृष्ट विद्यालयलाई सम्मानित गरिनेछ ।

(घ) उत्कृष्ट छनौट हुने विद्यार्थी, शिक्षक तथा विद्यालयहरुलाई प्रदान गरिने प्रोत्साहन रकमलाई शैक्षिक गुणस्तर सुधारका लागि उपयोग गर्न मार्गदर्शन गरिनेछ ।

## ८.२ उत्कृष्ट विद्यार्थी छनोटका आधार

विद्यार्थीले स्तरीकृत परीक्षामा प्राप्त गरेको अङ्कभार नै छनौटको मुख्य आधार हुनेछ। समान अङ्क प्राप्त गर्ने विद्यार्थीहरूका हकमा समानतालाई आधार मान्न सकिनेछ ।

क) नगरपालिकाभित्रका सामुदायिक र संस्थागत विद्यालयहरूमध्ये कक्षा ८ को वार्षिक परीक्षामा उत्कृष्ट GPA प्राप्त गर्ने विद्यार्थी

ख) नगरपालिकाभित्रका सामुदायिक र संस्थागत विद्यालयहरूमध्ये माध्यमिक शिक्षा परीक्षा (SEE) कक्षा १० मा उत्कृष्ट GPA प्राप्त गर्ने विद्यार्थी

ग) नगरपालिकाभित्रका सामुदायिक र संस्थागत विद्यालयहरूमध्ये कक्षा १२ को राष्ट्रिय परीक्षा बोर्डको परीक्षामा उत्कृष्ट GPA प्राप्त गर्ने विद्यार्थी

## ८.२ उत्कृष्ट शिक्षक छनोटका आधार

शिक्षकले शिक्षण गर्ने सबै कक्षाको सबै विषयको वार्षिक नतिजामा परीक्षाको पहिलो नतिजालाई (GPA) ३० प्रतिशत, परीक्षाको जम्मा पास प्रतिशतलाई २५ प्रतिशत, शिक्षकको नियमिततालाई ५ प्रतिशत, विद्यार्थीबाट गरिएको शिक्षक मूल्यांकनलाई ३० र प्रधानाध्यापकले गर्ने मूल्यांकनलाई १० प्रतिशत निर्धारण गरी १०० अङ्ग मानेर तहगत अधिकतम औसत अङ्क प्राप्त गरेका १/१ जना शिक्षकलाई उत्कृष्ट शिक्षक छनोट गरिनेछ । तर सम्बन्धित विषयको परीक्षामा सहभागि परीक्षार्थी संख्या १५ भन्दा कम भएमा त्यस्ता विद्यालयका/विषयका शिक्षकलाई छनोट प्रक्रियामा समावेश गरिने छैन ।

शिक्षकले शिक्षण गर्ने विषयको वार्षिक नतिजाको अंक निर्धारण गर्दा निज शिक्षकले विद्यालयमा शिक्षण गर्ने सबै कक्षाको सबै विषयको नतिजाको औसत निकाली उक्त अंक निर्धारण गरिने छ ।

| क्र स | विवरण | पूर्णङ्क |
|---|---|---|
| १ | शिक्षकले शिक्षण गर्ने सबै कक्षाको सबै विषयको वार्षिक नतिजामा परीक्षाको पहिलो नतिजाको औसत (GPA) | ३० |
| २ | परीक्षाको जम्मा पास प्रतिशत शिक्षण गर्ने सबै विषयको औसतका लागि | २५ |
| ३ | शिक्षकको नियमिततालाई | ५ |

| | | |
|---|---|---|
| ४ | विद्यार्थीबाट गरिएको शिक्षक मूल्यांकन | ३० |
| ५ | प्रधानाध्यापकले गर्ने मूल्यांकन (प्रधानाध्यापकको हकमा विव्यस अध्यक्ष) | १० |
| जम्मा | | १०० |

## विद्यार्थीबाट गरिने शिक्षक मूल्यांकन

### १ विद्यार्थीबाट शिक्षकको मूल्याङ्कन गर्दा अपनाउनु पर्ने प्रक्रिया

- मूल्याङ्कन गरिनु पर्ने कक्षाका सवै विद्यार्थीलाई उक्त मूल्याङ्कन सामग्री उपलब्ध गराई भर्न लगाउने
- शिक्षकले शिक्षण गर्ने सवै कक्षा र वर्गको विद्यार्थीबाट मूल्याङ्कन गरिनु पर्ने
- सवै कक्षाको विद्यार्थीबाट मूल्याङ्कन गरी औसत निकाली अंक कायम गरिनुपर्ने

२. **गोपनीयता (Anonymity):** विद्यार्थीलाई मूल्याङ्कन फाराममा आफ्नो नाम, रोल नम्बर वा कुनै व्यक्तिगत पहिचान **लेख्न नलगाउने** । यसले गर्दा विद्यार्थीहरू नडराई निष्पक्ष रूपमा अंक दिन सक्छन्।

३. **फाराम वितरण र सङ्कलन:**

- एउटा हल वा छुट्टै कक्षाकोठामा मूल्याङ्कनमा सहभागी विद्यार्थीहरूलाई राख्ने
- सम्बन्धित शिक्षक (जसको मूल्याङ्कन हुँदैछ) को अनुपस्थितिमा फाराम भर्न लगाउने
- फाराम भरिसकेपछि एउटा उक्त शिक्षकले शिक्षण गर्ने सबै कक्षाको फाराम मिसाउने

४. **अंकको औसत (Average) निकाल्ने:**

- कुनै शिक्षकलाई कुनै एक कक्षाको ५० जना विद्यार्थीले मूल्याङ्कन गरे भने, ती सबै ५० वटा फारामको प्राप्तांक जोडेर ५० ले भाग गरी औसत निकाल्ने र त्यसैगरी निजले शिक्षण गर्ने सबै कक्षाबाट प्राप्तङ्क जोडी औसत निकाली ३० मा कति आयो (औसत अंक) निर्धारण गर्ने।

### ५. ध्यान दिनुपर्ने मुख्य कुराहरू (आचारसंहिता)

- **पूर्व-अभिमुखीकरण:** फाराम बाँड्नुअघि विद्यार्थीहरूलाई "यो कुनै शिक्षकलाई सजाय दिन वा कसैलाई जिताउन होइन, विद्यालयको शिक्षा सुधार गर्न र असल शिक्षकको सम्मान गर्न हो" भनेर प्रष्ट पारिदिनुहोस्।
- **व्यक्तिगत पूर्वाग्रह रोक्ने:** कहिलेकाहीं कडा शिक्षक (अलि अनुशासनमा राख्ने) लाई विद्यार्थीले कम अंक दिन सक्ने र धेरै छुट दिने शिक्षकलाई बढी अंक दिन सक्ने जोखिम हुन्छ। त्यसैले सूचकहरूमा शिक्षकको 'स्वभाव' भन्दा पनि '**पढाउने तरिका र व्यवहार**' मा केन्द्रित गराउनुपर्छ।

- **शिक्षकहरूको अनुपस्थिति:** विद्यार्थीले फाराम भरिरहेको समयमा मूल्याङ्कन भइरहेका शिक्षकहरूलाई सो कोठा वा वरपर बस्न नदिनुहोस्।

## विद्यार्थीबाट गरिने शिक्षकको मूल्याङ्कन साधन

**शिक्षकको नाम :**

| क्र स | सूचकहरु (१ अनुसार भएमा १ अंक, २ अनुसार भएमा २ अंक र ३ अनुसार भएमा ३ अंक दिनुहोला) | शिक्षकहरुको नाम लेख्नुहोस | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | **विषयवस्तुको स्पष्टता:** पढाएको कुरा सजिलै र प्रष्टसँग बुझाउनुहुन्छ।<br>१. अलिकति मात्रै बुझिने वा स्पष्ट न बुझिने<br>२. उदाहरणसहित बुझाउने हुँदा बुझ्न अलि सजिलो हुने<br>३. उदाहरण सहित शैक्षिक सामग्रीको प्रयोग गरी स्पष्ट बुझाउने र विषयवस्तुबारे भन्न प्रशस्त उत्प्रेरणा दिने | | | | | | | |
| २ | **नियमितता र समयको पालना:** नियमित रूपमा र तोकिएको समयमा कक्षामा प्रवेश र जाने गर्नुहुन्छ।<br>१. कक्षामा सधै ढिला आउने छिटो जाने समयको उचित पालना नगर्ने<br>२. कहिलकाही ढिला आउने छिटो जाने<br>३. समयमा कक्षाकोठामा प्रवेश गर्ने र समयमा कक्षाकोठाबाट जाने | | | | | | | |
| ३ | **समान व्यवहार:** प्रतिभाशाली, मध्यम वा कमजोर - सबै विद्यार्थीलाई समान माया र व्यवहार गर्नुहुन्छ।<br>१. सबैलाई उचित व्यवहार गर्न नसक्ने विभेदकारी व्यवहार गर्ने<br>२. जान्ने र अनुसासितलाई मात्र असल मान्ने र अरुलाई उपेक्षा गर्ने<br>३. सबैलाई समान व्यवहार गर्ने | | | | | | | |
| ४ | **जिज्ञासा र प्रश्नको सम्मान:** प्रश्न सोध्दा नझर्किकन वा नरिसाई सजिलो गरी उत्तर दिनुहुन्छ।<br>१. उत्तर नदिइकन टाल्ने प्रश्न सोधे झर्को मान्ने<br>२. प्रश्नको डाडो उत्तर मात्र दिने<br>३. प्रश्न सोध्दा उत्प्रेरणासहित धन्यवाद दिई प्रश्नको उत्तर उदाहरणबाट सम्झाउने | | | | | | | |
| ५ | **प्रोत्साहन र हौसला:** गल्ती गर्दा पनि सम्झाई बुझाई सुधार्ने अवसर दिनुहुन्छ र राम्रो गर्दा प्रशंसा गर्नुहुन्छ।<br>१. गल्ती गर्दा झर्किने र पिट्ने राम्रो गर्दा नबोल्ने<br>२. गल्ती गर्दा गाली गर्ने राम्रो गर्दा प्रसंसा गर्ने उत्प्रेरणा दिने<br>३. गल्ती गर्दा सम्झाएर सुधार गर्न आग्रह गर्ने र राम्रो गर्दा प्रसंशा गर्ने उत्प्रेरणा दिने | | | | | | | |
| ६ | **शिक्षण सामग्री र व्यावहारिक प्रयोग:** चित्र, उदाहरण, प्रयोग वा खेलमार्फत पढाउनुहुन्छ। | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १. शिक्षण गर्दा शिक्षण सामग्रीको प्रयोग नगर्ने<br>२. कहिलेकाहीमात्र शिक्षण सामग्रीको प्रयोग गर्ने<br>३. दैनिक रुपमा कुनै न कुनै शैक्षिक सामग्रीको प्रयोग गरिरहने | | | | | | | | |
| ७ | **सक्रिय सहभागिता:** कक्षामा शिक्षक मात्र नबोली विद्यार्थीहरूलाई पनि बोल्न र छलफल गर्न लगाउनुहुन्छ।<br>१. कक्षामा शिक्षकमात्र बोल्ने विद्यार्थीलाई छलफल नगराउने<br>२. कक्षामा कहिलेकाही मात्र छलफल हुने धेरै शिक्षक नै बोल्ने<br>३. कक्षामा विद्यार्थीसँग सधैजसो विषयवस्तुमा अन्तक्रिरया तथा छलफल हुने | | | | | | | | |
| ८ | **गृहकार्य र प्रतिपुष्टि (Feedback):** गृहकार्य दिने र दिएको गृहकार्य/कक्षाकार्य नियमित हेरेर कहाँ के सुधार गर्ने भनेर सम्झाउनुहुन्छ।<br>१. कक्षा कार्य र गृहकार्य दिने तर हेर्दै नहेर्ने<br>२. कक्षा कार्य र गृहकार्य दिने तर कहिलेकाही हेर्ने<br>३. कक्षा कार्य र गृहकार्य दिने सधैजसो गृहकार्य हेरेर पृष्ठपोषण दिने | | | | | | | | |
| ९ | **कक्षा नियन्त्रण र वातावरण:** कक्षालाई रमाइलो, अनुशासित र सिकाइका लागि सुरक्षित बनाउनुहुन्छ।<br>१. क्रियाकलाप केन्द्रित नभई कक्षा रोचक नहुने १<br>२. कहिलेकाही मात्र क्रियाकलाप गराउने धेरैजसो कक्षा अनुसासित नहुने<br>३. कक्षामा बढीमात्रामा समूहकार्य, जोडी कार्य, परियोजना कार्य, छलफल, भूमिका निर्वाह, खेल समस्या समाधान जस्ता क्रियाकलापका माध्यमबाट सिकाइ गर्ने कक्षा अनुसासित हुने | | | | | | | | |
| १० | **सहृदयता र सहयोग:** व्यक्तिगत समस्या (नबुझेको, बिरामी परेको वा गाह्रो भएको) सुनिदिनुहुन्छ र सहयोग गर्नुहुन्छ।<br>१. वेवास्था गर्ने १<br>२. आवश्यक हौसला दिने अन्य सहयोग नगर्ने २<br>३. नबुझेको सिकाइ दिनुहुन्छ । व्यक्तिगत समस्या वा विरामी परेका बेला सहयोग गर्दै अस्पताल वा घरसम्म पु¥याउन सहयोग गर्ने र आवश्यक हौसला दिने ३ | | | | | | | | |
| जम्मा प्राप्ताङ्क | | | | | | | | | |

## ८.३ उत्कृष्ट विद्यालय छनोटका आधार

**८.३.१** कक्षा ८, १० र १२ को वार्षिक परीक्षाको नतिजा उच्च उत्तीर्ण प्रतिशत र उच्च सिकाइ उपलब्धि भएको विद्यालय **८.३.२** वार्षिक नतिजामा समग्र विद्यार्थी उत्तीर्ण प्रतिशतलाई २५ प्रतिशत, परीक्षाको पहिलो नतिजालाई (GPA) २५ प्रतिशत, विद्यार्थी उपस्थित १० प्रतिशत, शिक्षक उपस्थिति प्रतिशत ५ प्रतिशत, विद्यालयको IEMIS अध्यावधिकको अवस्था १५ प्रतिशत, विद्यालयले निर्माण गर्ने योजना निर्माण १५ प्रतिशत र सामाजिक परीक्षण तथा लेखा परीक्षण ५ प्रतिशत मानी जम्मा १०० प्रतिशतका आधारमा १०० पूर्णाङ्क निर्धारण गरी अधिकतम

अङ्क प्राप्त गर्ने १/१ विद्यालयलाई नतिजाका आधारमा कक्षागत रुपमा उत्कृष्ट विद्यालय सम्मान गरिनेछ। तर सम्बन्धित कक्षामा परीक्षार्थी संख्या २० भन्दा कम भएमा त्यस्ता विद्यालयलाई छनोट प्रक्रियामा समावेश गरिने छैन ।

माथि जुनसुकै कुरा लेखिएता पनि मूल्याङ्कन समितिले प्रशासनिक व्यवस्थापन, विद्यार्थी संख्या, बेरुजु, भौतिक अवस्था लगायतका विषयवस्तु समेत समावेश गरी मूल्याङ्कन गर्न सक्नेछ ।

| क्र स | विवरण | पूर्णङ्क |
|---|---|---|
| १ | विद्यार्थी उत्तीर्ण प्रतिशत | २५ |
| २ | परीक्षाको पहिलो नतिजा (औसत GPA) | २५ |
| ३ | विद्यार्थी उपस्थिति | १० |
| ४ | शिक्षक उपस्थिति | ५ |
| ५ | विद्यालयको IEMIS अध्यावधिक | १५ |
| ६ | विद्यालयले निर्माण गर्ने योजना निर्माण | १५ |
| ७ | सामाजिक परीक्षण तथा लेखा परीक्षण | ५ |
| जम्मा | | १०० |

वेदकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय सिसैया कञ्चनपुर सुदूरपश्चिम प्रदेश

<u>**९. छनोट प्रक्रिया**</u> **९.१ सूचना प्रकाशन** वेदकोट नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले प्रत्येक वर्ष तोकिएको समयसीमाभित्र उत्कृष्ट विद्यार्थी, शिक्षक र विद्यालय छनोट प्रयोजनार्थ विवरण विद्यालयहरूबाट माग गर्नेछ।

**९.२ विवरण सङ्कलन**

विद्यालयहरूले तोकिएको ढाँचामा विद्यार्थीको नतिजा, शिक्षकको विवरण र विद्यालयको समग्र प्रोफाइल तयार गरी शिक्षा युवा तथा खेलकुद शाखामा पेस गर्नु पर्नेछ। मूल्यांकनका लागि विवरण संकलन गर्न आवश्यक पर्ने थप फाराम तथा संकलन ढाचा मूल्याकन समितिले निर्माण गरी विद्यालयलाई उपलब्ध गराउन सक्नेछ ।

**९.३** मूल्याङ्कन समितिले प्राप्त विवरण अध्ययन विश्लेषण गरी आवस्यकतानुसार स्थलगत अनुगमन समेत गरी प्रतिवेदन तयार गरी नगर शिक्षा समितिमा पेश गर्नुपर्नेछ ।

**१०.** प्रचलित कानुन बमोजिम हुनेः यस मार्गदर्शनमा उल्लेखित विषयको हकमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।

**११.** संशोधनः नगरपालिकाले आवश्यकतानुसार यो मार्गदर्शन संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

भोजराज बोहरा
नगर प्रमुख